# कार्यपालिका बैठकको निर्णय

(२०७८/०३/२९)

**निर्णय नं.१** :- यस टीकापुर नगरपालिकाको काम कारावाहीलाई थप व्यवस्थित र प्रभावकारी रुपले संचालन /व्यवस्थापन/नियमन गर्न देहाय बमोजिम विधेयक नगर सभा समक्ष पेश गर्ने ।

१. टीकापुर नगरपालिकाको स्थानीय उद्योग दर्ता, संचालन,व्यवस्थापन र नियमन सम्वन्धी विधेयक,२०७८

२.टीकापुर नगरपालिकाको सार्वजनिक, निजी तथा साझेदारी सम्वन्धी विधेयक, २०७८

**निर्णय नं. २** :- यस टीकापुर नगरपालिकाको कार्य सन्चालन निर्देशिका, २०७८ उपर दफावार छलफल गरी स्वीकृत गरियो ।

**निर्णय नं. ३** :- भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम यस नगरपालिकाको भूमि सम्बन्धी समस्या समाधान आयोग, लगत संकलन इकाईमा कार्यरत कर्मचारीहरुको करार अवधि यहि मिति २०७७ असार सम्म मात्र रहेकोमा निजहरुको आवश्यकता अनुसार आ.व. ०७८/०७९ मा करार अवधि थप गर्ने । इकाई प्रमुखको सेवा सुविधा सम्बन्धमा २०७७/१२/०९ को निर्णयलाई आ.व.०७८/०७९ मा निरन्तरता दिने ।

**निर्णय नं.४**:-यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सवारी चालक, नगर प्रहरी तथा दमकलमा कार्यरत कर्मचारीहरुलाई विगत देखि उपलब्ध गराउँदै आएको राशन भत्तालाई आ.व. २०७८/०७९ देखि लागु हुने गरी प्रति महिना प्रति ब्यक्ति मासिक रु. ५००।-(पाँच सय ) का दरले बृद्धि गर्न नगर सभा समक्ष सिफारिस गर्ने ।

**निर्णय न.५**:-यस टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत चौकीदार कर्मचारीहरुलाई यस कार्यालयको पालोपहरा गर्दा सार्वजनिक विदाका दिनमा पालोपहरा गरेवापत दैनिक रु.२००।- (दुई सय मात्र) उपलब्ध गराउँदै आएकोमा आ.व. ०७८/०७९ देखि २५०।-(दुई सय पचास) का दरले उपलब्ध गराउने साथै वडादशै तथा दिपावलीको अवसरमा पालोपहरामा रहने कर्मचारीलाई पनि उक्त सुविधा उपलब्ध गराउन नगर सभा समक्ष पेश गर्ने ।

**निर्णय नं.६**:-टीकापुर नगरपालिका अन्तर्गत टीकापुर बंगला पार्कमा कार्यरत ईन्चार्ज सार्वजनिक विदा र अन्य दिनमा समेत अतिरिक्त समय बिहान ५.३० वजे देखि साझ ७.०० बजे सम्म) खटीई काम गर्नु पर्ने भएको हुँदा त्यसरी पार्कमा खटी काम गर्ने प्रमुखलाई प्रति दिन रु. २५०।- का दरले चिया,

प्रमुख प्रशासकिय अधिकृत

खाजा खर्च उपलब्ध गराउदै आएकोमा अन्य प्रशासनिक कर्मचारी थप गर्दा कार्यालयलाई थप उत्तरदायित्व सृजना हुन जाने देखिएकोले आगामी आ.व. २०७८/०७९ मा समेत निरन्तरता प्रदानका लागि नगर सभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ७** :- नेपाल सरकारको स्वीकृत कार्यक्रम तथा आयोजना अन्तर्गत यस नगरपालिकामा संचालित कार्यक्रम तथा आयोजनामा कार्यरत कर्मचारीहरुको करार सेवालाई आ.व. ०७८/०७९ मा निरन्तरता प्रदान गर्ने ।

**निर्णय न ८** :- यस नगरपालिकाको स्वीकृत स्थायी र अस्थायी दरबन्दि अन्तरगत रही करार सेवा , मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको मासिक पारिश्रमिक दर नगर दररेट भन्दा न्यून भएका हरुको हकमा आ.व. ०७८/०७९ का लागि कायम हुने नगर दररेट बराबर कायम गर्न नगर सभा समक्ष सिफारिस गर्ने ।

**निर्णय नं. ९** :- यस टीकापुर नगरकार्यपालिका बाट वार्षिक रु ८,७५,०००/- (आठ लाख, पचहत्तर हजार) न्युनतम दर कायम गरि ठेक्का सुचना नं.: २७-२०७७७८ बाट आ.व. ०७७/७८ बैशाख देखि ०७९।८० सम्म गरी जम्मा २ वर्ष ३ महिनाका लागि टीकापुर बसपार्कको सञ्चालन तथा व्यवस्थापनसँसम्बन्धित ठेक्काको सिलबन्दी बोलपत्रका माध्यमबाट ठेक्कामा लगाउनुपर्ने भएकोले ३० दिने सुचना प्रकाशन गरिएको साथै सरकारी कार्यालयका प्रतिनीधिहरुको रोहवरमा उक्त दरभाउपत्रहरु खोलिएको र मुल्यांकन भई ७ दिने आशयको सुचना प्रकाशन गरिएको अवस्थामा उक्त बसपार्कमा संघीय कार्यक्रम अन्तर्गत सघन शहरी विकास कार्यक्रमबाट थप बजेटको व्यवस्था भई पुन फलामे रेलिङग निर्माणको काम भई रहेको र मिति २०७८।०३।१५ गते राजस्व परामर्श समितीका पदाधिकारीहरुले गरेको अनुगमन तथा निरिक्षणका क्रममा पनि उक्त बसपार्कमा रेलिङ्ग निर्माण सम्बन्धि कार्य भईरहेको अवस्थामा सञ्चालन तथा व्यस्थापन गर्न समस्या हुने व्यहोरा जानकारी भएको। साथै मिति २०७८।०१।१६ गते कोभिड १९ को जोखिम बढ्दै गईरहेको सन्दर्भमा सार्वजनिक सेवा प्रवाहका विषयमा मिति २०७८।०१।१६ गते देखि लागु हुने गरी जिल्ला प्रशासन कार्यालयबाट निषेधाज्ञा जारी भएको अवस्थामा यस नगरपालिका कार्यालयले अनुमान गरेको दिन (२ वर्ष ३ महिना) नपुग्ने र लकडाउनको अवस्थामा बसपार्क ठप्प भई काम नहुने अवस्थालाई मध्येनजर गरी उक्त बसपार्क व्यवस्थापन सञ्चालन तथा व्यवस्थापन सम्वन्धि ठेक्का रद्द गरी आगामी आ व २०७८।७९ बाट नयाँ सूचना प्रकाशन गरी ठेक्कामा लगाउने ।

**निर्णय नं. १०**-टीकापुर नगरपालिकाको समग्र विकासका लागि महत्वपूर्ण रही नगरपालिकाको प्राथमिकतामा परेका तर आ.व. ०७८/७९ मा नगरपालिकाको स्रोतले मात्र कार्यान्वयन गर्न असम्भव देखिएका नेपाल सरकार/संघीय सरकार तथा प्रदेश सरकारमा बजेट विनियोजनका लागि अनुरोध गर्नुपर्ने देहाय बमोजिमका योजनाहरु नगर सभा समक्ष सिफारिस गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

तपसिल

क) आ.व. ०७८/०७९ मा संघीय सरकार समक्ष माग गर्नुपर्ने योजना विवरण :

| सि.नं | योजनाको नाम | योजना स्थल | सम्बन्धित निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | टीकापुर नगरपालिकाको बाह्य चक्रपथ निर्माण | टी.न.पा.,वडा नं. १ देखि ९ | संघीय सरकार | डि.पी. आर बमोजिम |
| २ | टीकापुर नगरपालिकाको बृहत ढल निर्माण आयोजना | टीकापुर नगरपालिका | संघीय सरकार | |
| ३ | नमूना बाल उद्यान र सौर्य मण्डल निर्माण आयोजना | टी.न.पा.,वडा नं. १ | संघीय सरकार | डि.पी. आर बमोजिम |
| ४ | सीटि बसपार्क निर्माण आयोजना | टी.न.पा, वडा नं.१ | संघीय सरकार | |
| ५ | वडा नं. १ स्थित खप्तड सांस्कृतिक परिवारको अधुरो नाट्य भवन निर्माण आयोजना | वडा नं. १ | संघीय सरकार | |
| ६ | व्लक नं. .२३ प्रकाश शाहको घरको अगाडी पार्ककालागि छुट्याईको जग्गामा व्यायाम पार्क (Fitness Park) निर्माण आयोजना | वडा नं. १ व्लक नं.२३ | संघीय सरकार | |
| ७. | ५ नं. प्रदेश र ७ नं प्रदेश जोड्ने दौलतपुर घाट (कर्णाली नदिमा) पक्की पुल निर्माण | टी.न.पा. ५,दौलतपुरघाट | संघीय सरकार | |
| ८. | टीकापुर नगरपालिका क्षेत्रमा रंगशाला निर्माणका लागि छुट्याईएको जग्गामा घेरा पर्खाल सहित पूर्वाधार निर्माण | टी.न.पा., वडा नं. ५ | संघीय सरकार | २२ विगाह जग्गा रहेको |

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ९ | टीकापुर बृहत उद्यान (बंगला पार्क) को भौतिक पूर्वाधार निर्माण आयोजना | टी.न.पा., वडा नं. ५ | संघीय सरकार | **डि.पी. आर बमोजिम** |
| १० | डल्फिन संरक्षण क्षेत्र ,ढुंगाना टोलको पथरैया र कान्द्रा नदीको दोभानमा झोलुंगे पूल निर्माण | टी.न.पा., वडा नं. ७ | संघीय सरकार | **विश्वकै दुर्लभ जलचर डल्फिन पाईने क्षेत्र** |
| ११ | सत्ती कर्णाली पूल देखि भारत नेपाल सिमाना (श्रीलंका) सम्म तटबन्धन निर्माण | टी.न.पा, वडा नं.८ | | |
| १२ | सुर्यपुर हुलाकी सडक देखि वडा कार्यालय हुदै खक्रौला भन्सार जोडने बाटो कालोपत्रे आयोजना | वडा नं. ८ | | |
| १३ | टीकापुर ८ स्थित बटनपुर खानेपानी निर्माण आयोजना | वडा नं. ८ | | |

**ख) आ.व. ०७८/०७९ मा संघीय सरकार समक्ष माग गर्नुपर्ने योजना विवरण :**

| **सि.नं** | **योजनाको नाम** | **योजना स्थल** | **सम्बन्धित निकाय** | **कैफियत** |
|---|---|---|---|---|
| १ | वडा नं. १ बनगाउँ विचकापुरुवा देखि जमरा पक्की पुल हुँदै वडा नं. ३ को वडा कार्यालय जाने सडक कालोपत्रे | टी. न.पा . वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | **वडा नं. १ र ३ जोड्ने सडक** |
| २ | टीकापुर वसपार्क खक्रौला रोड देखि नवदुर्गा नि.मा.वि. स्कूल हुँदै लम्कीपूल जोड्ने बाटो कालोपत्रे | टी.न.पा., वडा नं १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३ | टी.न.पा. १ सुरत रावलको राईस मिल देखि प्रकास तिमिल्सेनाको घर जाने सडक कालोपत्रे | टी. न.पा . वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४. | मुनुवा रोड पारस पौडेलको घर देखि शान्ति वाल उद्यान हुँदै समितिपुर जाने सडक कालोपत्रे | टी. न.पा . वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ५ | वनगाउँ दक्षिणपुरुवा देखि वार्ड नं. ४ बाघमारा जाने सडक कालोपत्रे | टी.न.पा. वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | **वडा नं. १ र ४ लाई जोड्ने सडक** |
| ६ | टीकापुर वहुमुखि क्यापस रोड देखि शिव मन्दिर हुदै जानकी गाउपालिका जोडने सडक कालोपत्रे आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ७ | मुक्त कमैया नवदीप सहकारी भवन निर्माण आयोजना शक्ति नगर | वडा नं.१ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ८ | समितिपुर देखि जानकी गाउपालिका जोडने बाटो कालोपत्रे आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ९ | सैपाल स्कूल देखि टीकापुर योगाश्रम जाने बाटो कालोपत्रे आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| १० | खक्रौला रोड देखि पुर्वपट्टी दुर्गा नगर हुदै डुडेझारी जोडने सडक कालोपत्रे आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ११ | ज्योतीनगर स्कूल हुदै जानकी गाउपालिकाको कृषि सडक सम्म जोडने सडक कालो पत्रे आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| १२ | राजी समुदायको जातीय संग्राहलय निर्माण आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| १३ | झिलमिल चौराहा देखि शक्ति देवी आधारभुत विद्यालय हुदै जानकी गाउपालिकाको सिमाना सम्मको सडक कालोपत्रे आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| १४ | वडा नं. २ को कार्यालयबाट आँखा अस्पताल सम्म जोडने सडक कालोपत्रे आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| १५ | टीकापुर नगरपालिकाको आन्तरिक चक्रपथ कालोपत्रे निर्माण आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १६ | राजी साल्मसमाजको अधुरो भवन निर्माण तथा पर्खाल निर्माण आयोजना | वडा नं. १ | सुदुरपश्चिम प्रदेश सरकार | |
| १७ | रामकृष्ण उप्रेतीको घर देखि सनकट्टीघाट सम्मको बाटो कालो पत्रे | टी.न.पा, वडा नं २ | सुदुरपशिचम प्रदेश सरकार | |
| १८ | वडा नं. २ को बर्दिया जाने बाटो देखि नेतन खड्काको घर हुँदै भानु चौराह सम्म कालो पत्रे आयोजना | वडा नं. २ | सुदुरपश्चिम प्रदेश सरकार | |
| १९ | सीतापुर जनजागृती उच्च मा.वि. देखि नवराज सिंहको घर सम्म जाने सडक कालो पत्रे आयोजना | वडा नं. २ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २० | वडा नं. २ राजीपुरको दलित बस्तीकमा आवास निर्माण आयोजना | वडा नं.२ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २१ | वडा नं.२ विजयनगर गेट देखि भानु चौराहहुदै रानी कुलो जनजागृति सामुदायिक वन जाने सडक कालोपत्रे निर्माण आयोजना | वडा नं.२ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २२ | टीकापुर नगरपालिका वडा नं.३ र जोशीपुर गाउपालिका वडा नं. ५ जोडने पथरैया नदीमा पक्कीपुल निर्माण | वडा नं. ३ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २३ | टीकापुर नगरपालिका वडा नं.३ घिया पुछरी जोडने नदीमा पक्की पुल निर्माण आयोजना | वडा नं.३ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २४ | टीकापुर नगरपालिका वडा नं.३ पदमा प्रा.वि.हुदै जोशीपुर गाउपालिका जोडने बाटो कालोपत्रे आयोजना | वडा नं. ३ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २५ | टी.न.पा. ४ अस्नेहरी देखि जनप्रकास मा.वि. जाने सडक कालोपत्रे | टी.न.पा., वडा नं.४ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २६ | वडा नं.४ स्थित त्रिशक्ति टोलको मूक्त कमैया वस्तीमा सुरक्षित आवास निर्माण आयोजना | वडा नं. ४ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २७ | वडा नं. ४ स्थित मौरनिया भल्भन्सार जुटेला घर निर्माण आयोजना | वडा नं. ४ स्थित मौरनिया | सुदुरपश्चिम प्रदेश सरकार | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २८ | वडा नं. ५ नुक्लीपुर स्थीत मुक्त कमैया वस्तीमा आवास निर्माण आयोजना | वडा नं. ५ | सुदुरपश्चिम प्रदेश सरकार | |
| २९ | वडा नं. ५ मनिकापुर चोक देखी दौलतपुर घाट सम्म जोडने सडक कालोपत्रे आयोजना | वडा नं.५ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३० | वडा नं. ५ स्थित वसन्ता पक्कीपुल देखि सिम्रेनी जोडने सडक कालोपत्रे आयोजना | वडा नं. ५ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३१ | टीकापुर वंगला पार्क (बृहत उद्यान) मा भ्यू टावार निर्माण आयोजना | वडा नं. ५ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३२ | वडा नं. ५ स्थित नुक्लीपुर प्रेम नगर देखी पुरानो नुक्लीपुर हुदै वर्दिया जोडने दौलतपुर घाट सम्म जाने सडक कालो पत्रे निर्माण आयोजना | वडा नं. ५ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३३ | वडा नं. ६ जोडने रानीकुलो झरन मा पक्की पुल निर्माण आयोजना | वडा नं. ५ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३४ | बेलुवा बोझी मुल कुलोमा पक्कि पुल निर्माण | टी.न.पा., वडा नं. ६ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३५ | वडा नं.६ स्थित मूक्त कमैया वस्तीमा आवास निर्माण आयोजना | वडा नं. ६, मीलन टोल | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३६ | अस्नेहरी चोकको जन प्रकाश विद्यालय हुँदै वडा नं. ६ सिमाना सम्म कालो पत्रे आयोजना | वडा नं. ६ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३७ | कोदैपुर देखि वडा नं. ६ अम्वासा जोड्ने सडक कालो पत्रे आयोजना | वडा नं. ६ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३८ | सत्ती वजार देखि पदमपुर डारावोझी हुँदै टीकापुर खक्रौला जोड्ने सडक कालोपत्रे | टी.न.पा. वडा नं. ७ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ३९ | टी.न.पा, वडा नं. ७ बेलुवा र भजनी न.पा वडा नं. ८, जनकपुर गाउँ जोड्ने पथरैया नदीमा पक्कि पूल निर्माण | टी.न.पा., वडा नं. ७ | सुदुरपश्चिम प्रदेश सरकार | **टी.न.पा र भजनी नगरपालिका जोड्ने** |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४० | वडा नं.७ स्थित प्रतिपुरको दलित वस्तीमा आवास निर्माण आयोजना | वडा नं. ७ | सुदुरपश्चिम प्रदेश सरकार | ८ घरधुरी |
| ४१ | बेलुवा देखि खक्रौला भन्सार डल्फिन जाने सडक कालोपत्रे आयोजना | वडा नं. ७ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ४२ | वडा नं. ७ स्थित ओजुवा तालको DPR बमोजिम पुर्वाधार निर्माण आयोजना | वडा नं. ७ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ४३ | वडा नं. ७ स्थित सत्ती कर्णाली सामुदायिक वनको DPR बमोजिम पुर्वाधार | वडा नं. ७ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ४४ | वडा नं. ८ स्थित वनगाउ बद्धि राम को घर देखी फांटा कर्णाली पुल जोडने सडक कालो पत्रे निर्माण आयोजना | वडा नं. ८ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ४५ | कालिका आधारभुत विद्यालय देखि राम डाडा हुदै वडा नं. ८को वडा कार्यालय सम्म जोडने सडक कालोपत्रे निर्माण आयोजना | वडा नं. ८ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ४६ | वडा नं. ८ को वडा कार्यालय नजिक रहेको सार्वजनीक जग्गामा पार्क निर्माण आयोजना | वडा नं. ८ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ४७ | सत्ती भन्सार कार्यालय देखि बालुवाटार चोक हुँदै वडा नं. ७ जोड्ने सडक कालो पत्रे आयोजना | वडा नं. ९ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ४८ | सत्ती भन्सार कार्यालय देखि बौनिया हुँदै वडा नं. ९ को वडा कार्यालय जाने सडक कालोपत्रे | वडा नं. ९ | सुदुरपश्चिम प्रदेश सरकार | |
| ४९ | वडा नं. ९ स्थित सेती मैया चौधरी विद्यालयको ४ कोठे प्रशासनिक भवन निर्माण | वडा नं. ९, सेती मैया चौधरी विद्यालय | सुदुरपश्चिम प्रदेश सरकार | |
| ५० | हुलाकी सडक देखि बसपार्क झुंगा चोक हुदै वडा नं. ९ को वडा कार्यालयजाने सडक कालोपत्रे निर्माण आयोजना | वडा नं. ९ | सुदुरपश्चिम प्रदेश सरकार | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत